नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

(शासकीय सुधार शाखा)

पत्र संख्याः ०७९/८०/शा.सु.

च.नं. ४८

मिति २०७९/०७/२२

विषयः अन्तरक्रिया कार्यक्रमका सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री सबै शाखा,

शिक्षा तथा मानव स्रोत विकास केन्द्र,

श्री शिक्षा विकास तथा समन्वय इकाई,

सबै।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालको प.सं. ७९/८०(सुशासन), च.नं.३२, मिति २०७८।०७।१५ को पत्रमार्फत श्री **अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सबै मन्त्रालय** हरूबीच भएको अन्तरक्रियामा भएको छलफल तथा निष्कर्षका आधारमा तयार गरिएका सुझावहरू आवश्यक कार्यान्वयनका लागि लेखि आएकोले संलग्न सुझावहरू कार्यान्वनको लागि आदेशानुसार अनुरोध छ।

(विजया सत्याल)

शाखा अधिकृत

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
प्रशासन तथा सुशासन प्रबर्द्धन शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।


पत्र संख्याः- ०७९/८०(सुशासन)
चलानी नं.:- 32

शिक्षा तथा मानव स्रोत विकास केन्द्र
दर्ता नं.:- ११९४
मितिः- ०७९।७।१६

मितिः २०७९।०७।१५

विषय :- अन्तरक्रिया कार्यक्रमका सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी, भक्तपुर

उपर्युक्त सम्बन्धमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. योजना/०७९/८०, च.नं. १७०७३ मिति २०७९।०६।३० को पत्र साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सबै मन्त्रालयहरुबीच अन्तरक्रिया कार्यक्रममा भएको छलफल तथा निष्कर्ष समेतको आधारमा तयार गरिएका सुझावहरु प्राप्त भएकोले आवश्यक कार्यान्वयका लागि तहाँ मातहतका निकायहरुमा समेत निर्देशन हुन आयोगको पत्र तथा सुझावहरुको छायाँप्रति यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

(अर्जुन बहादुर श्रेष्ठ)
उपसचिव

बोधार्थ :
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाण्डौ ।


फोन नं.:
वेबसाइटः www.moest.gov.np

मिति २०७९/०४/२४, २५ र २९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरूबीच भएको अन्तरक्रिया कार्यक्रमको सन्दर्भमा आयोगका माननीय प्रमुख आयुक्त, श्रीमान मुख्य सचिव र माननीय आयुक्तहरुबाट दिइएका सुझावहरुः

१. भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने मुख्य जिम्मेवारी सम्बन्धित निकायका प्रमुखको हुने हुँदा मौजुदा कानुनी व्यवस्था बमोजिम तालुक निकाय, सम्वन्धित मन्त्रालय, विभाग, निर्देशनालय एवम् सार्वजनिक निकायका प्रमुखहरुले आन्तरिक निगरानी र नियन्त्रणको व्यवस्थालाई प्रभावकारी बनाउन तत्काल आवश्यक कार्य अगाडि बढाउनुपर्ने।

२. भ्रष्टाचार अनुभूति सूचकाङ्क अन्तर्गतका अधिकांश सूचकको सन्दर्भमा सम्बन्धित सार्वजनिक निकायको मुख्य भूमिका रहने भएकोले सबै सार्वजनिक निकायले सम्पादन गर्ने काम कारबाहीमा वाञ्छित सुधार गर्नुपर्ने।

३. भ्रष्टाचार रोकथाम र नियन्त्रणमा अनुगमन मूल्याङ्कनको भूमिका महत्वपूर्ण हुने तर सार्वजनिक निकायहरुले यसलाई बाञ्छित महत्व दिई प्रभावकारी रुपमा सञ्चालन गर्न नसकिरहेको सन्दर्भमा अनुगमन मूल्याङ्कन सूचकलाई अझ वस्तुपरक बनाई सो का लागि अनुगमन मूल्याङ्कन ईकाईको सुदृढीकरण गर्नुपर्ने । अनुगमन मूल्याङ्कनबाट प्राप्त सुझाव एवं पृष्ठपोषणलाई नीति निर्माण एवं कार्यान्वयनको समयमा उपयोग गर्ने पद्धतिको विकास गर्नुपर्ने ।

४. संगठन र व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्दा सबै पदको बस्तुपरक कार्यविवरण तयार गर्ने र सार्वजनिक निकायका सबै कर्मचारी/पदाधिकारीलाई पदस्थापना गर्दा वा काममा लागाउनुपूर्व अनिवार्यरुपमा कार्यविवरण उपलव्ध गराई सो को आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्ने ।

५. सबै मन्त्रालय/निकायका प्रमुखले मौजुदा व्यवस्थाअनुसार सबै पदाधिकारी एवम् कर्मचारीहरुले समयमै सम्पत्ति विवरण भरी पेश गरे/नगरेको यकिन गरी समयभित्रै पेश गर्ने व्यवस्था मिलाउनुपर्ने ।

६. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोगलाई प्रोत्साहित गर्दै सबै प्रकारका सूचना प्रविधिजन्य प्रणालीलाई यथासंभव एकीकृत गरी सेवाग्राहीले एउटै सूचना/विवरण विभिन्न निकायहरुमा पटकपटक पेश गर्नुपर्ने अवस्थाको अन्त्य गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तत्काल आवश्यक पहल हुनुपर्ने । यसका लागि विभिन्न निकायहरुबीच तथ्याङ्क एवं सूचना सहजरुपमा आदानप्रदान गर्न कानूनी व्यवस्थामा सुधार गर्नुपर्ने भए यथाशिघ्र कार्य अघि बढाउनुपर्ने।

७. विकास निर्माण आयोजनामा एउटै काम पटक पटक गर्नुपर्ने अवस्थाको अन्त्य गर्न सडक, ढल, विद्युत, ईन्टरनेट/केवल, खानेपानी जस्ता सेवासँग सम्वद्ध निकायहरुबीच आवश्यक समन्वय र सहकार्य गरी एकअर्काको कार्यक्रम तथा साधनस्रोतमा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्ने । आवश्यक समन्वय नगरी यसप्रकारका पूर्वाधार निर्माण तथा मर्मतसम्भार कार्य गर्ने निकायको प्रमुखलाई सो का लागि जिम्मेवार एवं जवाफदेही बनाउनुपर्ने ।

८. सामुदायिक विद्यालयहरुमा पनि अङ्ग्रेजी माध्यममा पठनपाठन गर्ने, सि.सि. क्यामरा जडान गर्ने (कार्यविधिबमोजिमको समयसम्म भण्डारण (Storage) हुनुपर्ने), विद्युतीय हाजिरी लागू गर्ने जस्ता पूर्वाधार विकास र विद्यालयको पठनपाठनको गुणस्तर सुधार गरी सामुदायिक विद्यालयहरुप्रति आम नागरिकको आकर्षण अभिवृद्धि गर्न तत्काल पहल गर्नुपर्ने ।

९. नेपाल सरकारले निशुल्क उपलव्ध गराउने औषधिको माग र आपूर्तिको अवस्था विश्लेषण गरी समयमै विधिसम्मत खरिद प्रक्रिया अघि बढाई त्यस्ता औषधिको अभाव नहुने व्यवस्था मिलाउन सम्बन्धित निकाय प्रमुखलाई जिम्मेवार र जवाफदेही बनाउनुपर्ने ।

१०. विभिन्न अध्ययन तथा डिजाइनको नाममा परामर्शदातामार्फत हुने खर्चको औचित्य पुष्टि हुनुपर्ने, अति आवश्यक अवस्थामा मात्र परामर्शदातामार्फत त्यस्ता कार्य गर्ने व्यवस्था मिलाउनुपर्ने र त्यसप्रकारका प्रतिवेदन यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने। कार्यान्वयन हुन सम्भव नभएको अवस्थामा अधिकार प्राप्त अधिकारीमार्फत प्रमाणित गराई व्यवस्थित रुपमा अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने ।

११. कतिपय अवस्थामा सँगै जोडिएका विभिन्न जिल्लाका जिल्ला दररेटमा धेरै ठूलो भिन्नता पाइने गरेको हुँदा सार्वजनिक खरिद प्रयोजनका लागि आवश्यक पर्ने जिल्ला दररेट यथार्थ र वस्तुपरक बनाउन सम्बन्धित निकायले उचित ध्यान पुर्‍याउनुपर्ने ।

१२. सार्वजनिक खरिद नियमावली, २०६४ को १२ औं संशोधनसम्ममा ठेक्का म्याद थप गर्ने र तोड्नेसमेत विषयमा स्पष्ट प्रावधान रहेकोले अब उप्रान्त कुनै ठेक्का पनि रुग्ण रहनु पर्ने अवस्था विद्यमान नभएको हुँदा म्याद थप गर्न मिल्ने ठेक्काको नियमानुसार म्याद थप गरी काम लगाउने र निर्धारित म्यादभित्र काम नगरेमा ठेक्का तोड्ने निर्णयमा जानुपर्ने । अदालतमा मुद्दा परी सार्वजनिक निकायको पक्षमा फैसला नभएको अवस्थामा यथाशिघ्र पुनरावलोकन वा रिट खारेजी (Vacate) मा जानुपर्ने ।

१३. सार्वजनिक निकायमा उपयोगविहिन रहेका सवारीसाधन लगायत पुराना सामग्री औचित्यको आधारमा नियमानुसार मर्मतसम्भार वा लिलामी गरी फरफारक गर्नुपर्ने । धुल्याउन मिल्ने कागजात नियमानुसार समयमै धुल्याउने व्यवस्था गर्नुपर्ने ।

१४. कतिपय सार्वजनिक निकायमा अभिलेख व्यवस्थापन प्रणाली कमजोर भएकोले विद्युतीय तथा भौतिक फाईलिङ प्रणालीमा सुधार गरी अभिलेख व्यवस्थापनलाई बढी जिम्मेवार र जवाफदेही बनाउनुपर्ने ।

१५. अस्पताललगायत सबै सार्वजनिक निकायले आफूले खरिद गरेका वा प्राप्त गरेका सम्पूर्ण यन्त्र, उपकरण, मेशिन औजार आदिको उचित संरक्षणको व्यवस्था मिलाई सो को प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्ने ।

१६. आयोगमा उजुरी परेको कारणले मात्र नियमानुसार गर्नुपर्ने कामकारबाही स्थगन गर्ने वा रोक्ने प्रवृति हटाउनुपर्ने। पर्याप्त कारण र औचित्य बिना काम कारबाही रोक्ने पदाधिकारी/कर्मचारीलाई जवाफदेही बनाउनुपर्ने ।

१७. सबै सार्वजनिक निकायले कार्यसम्पादन सम्झौतालाई नतिजामूलक बनाउँदै सरुवा, प्रोत्साहन र वार्षिक कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्ने । साथै हरेक पदले सम्पादन गर्नुपर्ने कार्यलाई समयवद्ध (Time-bound) तालिकामा आवद्ध गरी सेवा प्रवाहलाई छरितो र प्रभावकारी बनाउनुपर्ने । सो का लागि सबै सार्वजनिक निकायले आफू र मातहतका निकायबाट हुने सेवा प्रवाह निश्चित समय सीमाभित्र हुने व्यवस्था मिलाउने, तत्कालै हुन नसक्ने कार्यलाई समय सीमा तोकी अनलाईन प्रणालीमार्फत सूचना दिने व्यवस्था मिलाउने ।

१८. कतिपय अवस्थामा एउटै कार्य वा कार्यक्रममा सरकारका तीनवटै तहबाट बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन हुँदा काममा दोहोरोपना हुनुका साथै सरकारलाई अनावश्यक व्ययभार पर्ने देखिएकोले आयोजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा उचित समन्वयको व्यवस्था मिलाउनुपर्ने । साथै संघ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्तालगायत अन्य विभिन्न अनुदानमा दोहोरोपना नहुने गरी मापदण्ड एवं कार्यविधि तयार गर्नुपर्ने ।

१९. उद्योग दर्ता, वातावरणीय अध्ययन स्वीकृति जस्ता कार्यहरु सम्पन्न गर्न लाग्ने अधिकतम समय निर्धारण गरी मुलुकको व्यवसायिक वातावरणमा सुधार ल्याउनुपर्ने ।

२०. सार्वजनिक निकायले आफ्नो सरकारी भवन, जग्गा आदिको नक्सा पास गर्ने, जग्गाधनी प्रमाणपूर्जाको उचित अभिलेख राख्ने र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कार्यमा विशेष ध्यान पुर्याउनुपर्ने ।

२१. कर्मचारी सरुवा बढुवा भई अन्यत्र कार्यालयमा जाँदा पेश्की फछ्र्यौट, बरबुझारथ लगायतका कार्य सम्पन्न नगरी रमाना दिने गरेको पाइएकाले सो व्यवस्था कडाईका साथ पालना गर्न गराउन सम्बन्धित निकाय प्रमुखलाई बढी जिम्मेवार र जवाफदेही बनाउनुपर्ने।

२२. सवारी चालक अनुमतिपत्रका लागि 'ट्रायल सेन्टर' को मापदण्ड एवं आधार विभिन्न प्रदेशमा फरक फरक रहेको पाइएकाले सो मा एकरुपता कायम गर्ने गरी एउटै मापदण्ड लागू गर्न आवश्यक समन्वय गर्नुपर्ने। सो का लागि सि.सि. क्यामरा अनिवार्य जडान गरी कार्यविधिले तोकेको समयसम्म भण्डारण (Storage) हुनुपर्ने ।

२३. सरकारी कार्यालय स्थापना गर्दा बहु-तले भवन (Multi-Storey Building) बनाउन प्राथमिकता दिई खुला एवं हरियाली क्षेत्रसहित कार्यालयको उपयुक्त वातावरण कायम गर्न विशेष ध्यान दिनुपर्ने।

२४. कतिपय अवस्थामा उपभोक्ता समितिमार्फत गर्ने गरी स्वीकृत भएको कार्यक्रममा उपभोक्ता समितिको नामबाट ठेकेदारले गर्ने गरिएको पाइएको सन्दर्भमा उपभोक्ता समितिको कार्य ठेकेदारमार्फत नगरी स्वयम् समितिले नै गुणस्तरीय तवरले गर्नका लागि स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।

२५. विभिन्न किसिमका परामर्श सेवामा संलग्न हुने विज्ञहरुको योग्यताका आधार र दररेटलाई स्पष्ट र पारदर्शी बनाउनुपर्ने ।

२६. राष्ट्रिय हित गाँसिएको विषयसँग सम्बन्धित काम गर्दा आ-आफ्नो कार्यक्षेत्रको भूमिकालाई मात्र प्राथमिकतामा नराखी त्यस्ता विषयमा अन्य क्षेत्रका लागि गर्नुपर्ने सहयोग र समन्वयलाई उचित प्राथमिकता दिने गरी राष्ट्रिय हितको साझा लक्ष्यका लागि सबै निकाय एकै ठाउँमा उभिनुपर्ने ।

२७. संघ, प्रदेश र स्थानीय तह स्तरमा निर्माण एवं सञ्चालन हुने सडक लगायतका पूर्वाधार विकासका लागि स्पष्ट मापदण्ड तर्जुमा गर्नुपर्ने। साथै क्षेत्रगत पूर्वाधार विकास योजना वा आयोजना तर्जुमा गर्दा एकीकृत पूर्वाधार विकासको सोच अनुरुप गर्ने व्यवस्था हुनुपर्ने ।

२८. राजश्व चुहावट नियन्त्रणसँग सम्बन्धित विभिन्न निकायहरु बीच अन्तरनिकाय समन्वय र अनलाईन प्रणाली मार्फत सूचना आदानप्रदान सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्नुपर्ने।

२९. सचिव बैठक र केन्द्रीय अनुगमन समितिको बैठकका निर्णयहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारीलाई बढी जिम्मेवार एवं जवाफदेही बनाउनुपर्ने।

३०. सरकारको आवधिक योजना एवं गुरुयोजनामा उल्लिखित आयोजना एवं कार्यक्रम कार्यान्वयन गर्न खासगरी पूर्वाधार विकाससँग सम्बन्धित जनशक्तिको अभाव हुने गरेको भन्ने गुनासो आउने गरेको सन्दर्भमा आवश्यक जनशक्तिको माग र पूर्ति पक्षको समेत विश्लेषण गरी प्राविधिक तथा दक्ष जनशक्ति विकासका लागि स्पष्ट योजना तयार गरी लागू गर्नुपर्ने ।

३१. कुनैपनि सार्वजनिक निकायले आफू र अन्तर्गतका कार्यालयहरूबाट बस्तु वा सेवा (जस्तैः सम्पत्ति, घरजग्गा, वस्तु, सेवा, उपकरण आदि) भाडा वा लिजमा लगाउन वा अन्य कुनै प्रक्रियाबाट सेवा लिने वा दिनेगरी समय सीमा सहितको सम्झौता गरेकोमा सो सम्झौतामा तोकिएको समयावधि समाप्त हुनु अगावै अर्को सम्झौताको लागि बोलपत्र वा सूचनाको प्रक्रिया शुरु गरी सम्झौताको म्याद समाप्त भएको भोलिपल्टबाट नै नँया सम्झौता लागू हुनेगरी आवश्यक प्रबन्ध गर्नुपर्ने। काबु बाहिरको परिस्थितिमा बाहेक समयमै सम्झौताको प्रक्रिया प्रारम्भ नगरी लापरवाही गरेमा त्यसबाट पर्न जाने हानी नोक्सानीप्रति सम्बन्धित कार्यालय वा निकाय प्रमुखलाई नै जिम्मेवार बनाउनुपर्ने ।